# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

**President**

Sushil Pyakurel

**Members**

Dr. Gauri Shankar Lal Das
Prof. Kapil Shrestha
Mandira Sharma
Kanak Mani Dixit
Subodh Pyakurel
Charan Prasai
Dr. Gopal Krishna Siwakoti
Devi Sunuwar
Hari Phuyal
Durga Sob
Dipendra Jha
Govinda Sharma 'Bandi'
Shobhakar Budhathoki
Birendra Thapaliya
Suman Adhikari

*Secretariat:*
Bhanimandal, lalitpur
Ph/Fax +977 1 5554115/5543230

*Email:*
accountabilitywatch@gmail.com

२४ आश्विन २०६९

## प्रेस विज्ञप्ति

### उच्चायुक्तको प्रतिवेदन कार्यान्वयनका लागि आह्वान !

जवाफदेहिता निगरानी समिति संयुक्त राष्ट संघ मानव अधिकार उच्चआयुक्तको कार्यालय (ओएचसिएचआर)ले गरेको “नेपालको द्वन्द्व सम्वन्धि प्रतिवेदन-२०१२” सार्वजनिकीकरणको स्वागत गर्दछ ।

उक्त प्रतिवेदनले नेपालका विगत सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार र मानविय कानूनको उल्लंघनको घटनाहरुको पहिचान गरि उक्त घटनाको निश्पक्ष र स्वतन्त्र छानविन गर्न र पीडितलाई न्याय र परिपुण दिन तथा सो घटनामा संलग्न दोषिहरुलाई कारवाही गरि दण्डहिनता अन्त्य गर्न नेपाल सरकारलाई गरेको सिफारिसको प्रभावकारी कार्यान्वयनको लागि जवाफदेहिता निगरानी समिति माग गर्दछ ।

नेपालमा विद्यमान दण्डहिनातको अन्त्यका लागि जवाफदेहिता निगरानी समितिले यसको स्थापनाकाल देखिनै आवाज उठाउदै आएको छ । सरकार र तत्कालीन विद्रोहि नेकपा माओवादीले विगतमा भएका गम्भिर अपराधलाई “राजनितिक उद्देश्यका लागि काम गर्दा र कर्तव्य पालनका सिलसिलामा भएका स्वभाविक घटना”को रुपमा चित्रित गर्दै आममाफीको माध्यमबाट मेलमिलापको धारणा राख्दै आएको छ । उक्त परिप्रेक्षमा समर्वजनिक गरिएको यो प्रतिवेदनले विगतमा भएका घटनाहरु अन्तराष्ट्रिय कानून अर्न्तगतका गम्भिर अपराध भएको तथ्य सार्वजनिक गरेको छ र त्यस्ता घटनाको छानविन गरि दोषिउपर फौजदारी न्याय प्रणाली अर्न्तगत कारवाही गर्नुपर्ने अनिवार्यता औल्याएको छ । उक्त प्रतिवेदनलाई सरकार, अर्न्तराष्ट्रिय समुदाय र संयुक्त राष्ट्र संघ तथा नेपाल स्थित विदेशी नियोगहरुले कार्यान्वयन गर्न गराउन आवश्यक सवै उपायहरु अवलम्वन गर्नु पर्दछ भन्ने जवाफदेहि निगरानी समितिको निष्कर्ष रहेको छ ।

वर्तमान सरकारले संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालयद्वारा प्रकाशित उक्त प्रतिवेदनलाई अस्विकार गरेको अभिव्यक्तिले हामीलाई गम्भिर वनाएको छ । सन् २००५ सालमा तत्कालिन सरकार र मानव अधिकार उच्चायुक्तको कार्यालय वीच भएको सम्झौता अनुसारको कार्यादेश भित्र रहि तयार गरिएको प्रतिवेदनलाई अस्विकार गर्ने अभिव्यक्तिले सरकार मानव अधिकार प्रति आफ्नो दायित्वबाट विचलित हुँदै गरेको स्पष्ट हुन्छ । हालै सरकारले दुई उच्च सुरक्षा अधिकारीहरुको पदोन्नती तथा जघन्य अपराधमा संलग्न रहेको र अदालतमा विचाराधिन रहेको फौजदारी प्रकृतीका मुद्दा समेत फिर्ता गर्ने कार्यले सरकार दण्डहिनतालाई संस्थागत गर्न उद्यत रहेको स्पष्ट छ । यस्तो वेलामा प्रकाशित उक्त प्रतिवेदनको कार्यान्वयनमा सरकारलाई जवाफदेहि वनाउन राष्ट्रिय मानव अधिकार आयोगको सक्रियताको पनि त्यतिकै आवश्यकता छ । हामी नेपालका राजनैतिक दल एवम् समस्त नागरिक समुदायले प्रतिवेदनको कार्यान्वयनको लागि अग्रसर हुन आह्वान गर्दछौ ।

सुशील प्याकुरेल
अध्यक्ष